☎ ०८२-५४००५०
☎ ०८२-५४०८५०

# लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
## लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०७९/०८० | च.नं.: | मिति: २०८०/०२/०७

**सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड खरिदको विद्युतीय सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०२/०८*

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङमा आवश्यक पर्ने सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा नियमावली २०६४ को नियम ८४ को (१) अनुसार विद्युतीय सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका इच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र खरिद गरि देहायको मिति र समय भित्र विद्युतीय सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन मिति २०८०/०२/२२ सम्म कार्यालय समय भित्र व्यवसायी दर्ता प्रमाण पत्र नविकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र तथा आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्रको प्रतिलिपि सहित निवेदन पेश गरि www.bolpatra.gov.np बाट रु. १०००/- (एक हजार) मा फिर्ता नहुने गरि यस लमही नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व रा.बा.वैक, लमही, दाङ खाता नं. ४२९०१००३०१०१०००२ मा दस्तुर बुझाइ दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. विक्री भईसकेको विद्युतीय दरभाउपत्रहरु सिलबन्दी गरी १६ औं दिन मिति २०८०/०२/२३ गते १२.०० बजेसम्म विद्युतीय माध्यमबाट पेश गरी सक्नुपर्नेछ र सोही दिनको २.०० बजे पेश हुन आएका विद्युतीय दरभाउपत्रहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्रदाताको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्रदाताले दरभाउपत्र र तोकिए बमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.बा.वैक लमही, दाङ धरौटी खाता नं. ४२९०१००३०३००००००२ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको खोलिने अन्तिम मितिले ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी सिलबन्दी दरभाउपत्र साथ पेस गर्नुपर्ने छ ।

३. विद्युतीय दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने दिन बिदा परेमा पनि विद्युतीय माध्यमबाट खरिद, दर्ता गर्न कुनै बाधा नपर्ने भएतापनि दरभाउपत्र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु कार्यालय खुलेको दिन हुनेछ ।

४. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ. व. २०७९/०८० को लागि भएकाले असाढ मसान्तसम्म कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन। साथै यस नगरपालिकालाई आवश्यक पर्ने परिमाणमा सामान उपलब्ध गराउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner

५. सम्बन्धित निकाय सम्म आइपुग्दा स्यानिटरी प्याडको Expiry Date कम्तिमा १८ महिना बाँकी हुनुपर्नेछ र स्यानिटरी प्याड Certified कम्पनीको नेपाल गुणस्तर चिन्ह भएको र स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६, अनुसूची १ बमोजिम हुनुपर्नेछ ।

६. भुक्तानी बिल सँगै स्यानिटरी प्याडको Expiry Date समेत उल्लेख हुनुपर्नेछ ।

७. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउंमा सही छाप गरेको हुनुपर्नेछ ।

८. दरभाउपत्र प्याकेज अनुसार मूल्यांकन गरिने। दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

९. सार्वजनकि खरिद नियमावली, २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन आयोग्य नभए आफ्नो स्वार्थ नबांझिएको पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वंय घोषण गरेको पेश गर्नुपर्नेछ । स्वयं घोषणपत्र पेश नगरेको दरभाउपत्रलाई मान्यता दिइने छैन

१०. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नियमानुसार हुनेछ ।

११. नि:शुल्क स्यानिटरी प्याड खरिद विवरण-

| क्र. सं. | विद्युतीय दरभाउपत्र नं. | सामग्रीको विवरण | फारम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १. | शिक्षा ०१ ख/२०७९/०८० | सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड खरिद । | १,०००/- | ५९,९९७.९६।- |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

देवेन्द्र प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner